नदीबाट सुरक्षाको प्रार्थना गर्ने पर्व ‘लदि पूजा’

nepalnews.com/life-arts/18603-2020-03-03-15-07-03

तस्बिर: विकिपिडीया

नेपाल सरकारद्वारा सूचीकृत आदिवासी÷जनजातिमध्ये पर्छ, माझी समुदाय। विशेषतः सप्तकोशीका सहायक नदीका छेउछाउ, मध्य तथा पूर्वी क्षेत्रका भित्री मधेशमा माझी समुदाय बस्ने गर्छन्।

नदी क्षेत्रआसपास बस्ने यी समुदायले जलदेवीलाई विशेष मान्दछन्। माझी भाषामा नदीलाई ‘लदि’ भनिन्छ।

मङ्गलबार माझी समुदायले ‘लदि’ पूजा पर्व मनाएका छन्। नदीका कारण कसैको पनि अनिष्ट नहोस् र जलदेवीले सबैको भलो गरोस् भन्ने कामनाका साथ यो पर्व मनाइने बताउँछन्, भोजवीर माझी। आदिवासी जनजाति महासङ्घको मोरङ जिल्लाको उपाध्यक्ष हुन् उनी।

माझीले परम्परागत रूपमै डुंगा वा नाउ चलाएर सेवा दिने काम गर्दै आएको उनी बताउँछन्। ‘यो पेशा निकै जोखिमपूर्ण पनि छ,’ उनी भन्छन्, ‘यस्तै जोखिमबाट बच्नका लागि नदीलाई पूजाप्रार्थना गर्ने चलन रहेको हो।’

प्रत्येक वर्ष फागुन महिनाको तेस्रो मङ्गलबार यसरी ‘लदि पूजा’ गर्ने परम्परा छ। मङ्गलबारलाई माझी समुदाय निकै शुभ मान्छन्। विवाह कर्म वा केटी माग्न जाने आदिजस्ता शुभ कार्य पनि उनीहरू प्रायः मङ्गलबारकै दिन गर्छन्।

विशेषतः खोला वा घाटमा गई लदि पूजा गर्ने परम्परा रहेको भोजवीर माझी बताउँछन्। सुनसरीको सप्तकोशी नदी, झापाको माईखोलालगायतका स्थानमा मङ्गलबार लदि पूजा भव्यताका साथ मनाइएको छ।